अत्यावश्यकता

2023साल7 महिना 10गते

**निकासी बारे सूचना**

मोरीयामा वडाका वडा प्रमुख
मोरीयामा प्रहरी प्रमुख
मोरीयामा दमकल केन्द्रका प्रमुख

6 महिना22 गते (बिहीबार) बिहान करिब 11 बजे मोरियामा वडाको ओबाता मिनामी 3-च्योमे मा250 किलोग्रामको विस्फोट नभएको बम फेला परेको छ ।

तसर्थ, 7महिना 30 गते आइतबार,बिहान 10 बजेदेखि,ग्राउन्ड सेल्फ डिफेन्स फोर्सले त्यस लाई हटाउने काम गर्नेछ।

हटाउने कामको सन्दर्भमा, विष्फोट हुन सक्ने खतरा पनि भएकोले, पछाडिको भागमा देखाइए अनुसार आश्रय लिनु पर्ने लक्षित क्षेत्र निर्धारित गरिएको छ। र सम्पूर्ण क्षेत्र पूरण रूपमा नाकाबन्दी गरिनेछ । निकासी क्षेत्रमा बसोबास गर्ने सबैमा पर्न गएको असुविधाको लागि हामी क्षमाप्रार्थी छौं, तर **कृपया बिहानको 9 : 30 बजे सम्ममा, अनिवार्य रूपमा , आफू बसिरहेको स्थान बाहेक अन्य स्थानमा जाने वा आश्रयका लागि निस्कनु पर्नेछ ।** हामी तपाईंको समझ र सहयोगको लागि अनुरोध गर्दछौं। साथै, हटाउने काम भइरहेको समयमा जस्तो सुकै कारण भएतापनि , निषेधित क्षेत्रमा छिर्न नमिल्ने हुनाले कृपया ध्यान दिनुहोस्।

**साँझ सम्म वा त्यस पछि मात्र काम टुंगिने हुन** सक्छ। आश्रय **स्थलहरू निम्न स्थानहरूमा स्थापित गरिएको छ , यधपी** आश्रय लिनु पर्ने लक्षित क्षेत्र बाहेक अन्य क्षेत्र हो भने जहाँ जानुभए पनि हुनछ।

विवरण

आश्रय स्थल

नाएशिरो प्राथमिक विद्यालय 苗代(なえしろ)小学校 (2 -10 -6 , नाएशिरो मोरियामा -वार्ड )
नाएशिरो सामुदायिक केन्द्र 苗代コミュニティセンター (1 -19 -12 ओबाता मिनामी , मोरियामा -वार्ड )

मोरियामा हिगाशी जुनियर हाई स्कूल 守山東(ひがし)中学校 ( 5 -7-3ओबाता , मोरियामा वार्ड)
*सबै तीन वटा स्थानहरू बिहान 8 :30 बजेदेखि सुरक्षा घोषणा जारी नभएसम्म आश्रय स्थलको रूपमा खुला राखिनेछन् ।

〔सावधानी〕
1 आश्रय लिन जादा,कृपया घरको ढोका बन्द गर्न र आगो निभाउन नबिर्सनुहोस।
2 आफ्नो सवारीसाधनबाट आश्रय स्थल नजानुहोस्।
3 तपाइँ सवारीसाधनबाट आश्रयका लागि निस्किदा ट्राफिक जाम हुन सक्ने भएकोले कृपया सकेसम्म

चाँडो निस्कनुहोला।

4 हटाउने काम पूरा हुने बित्तिकै, नागोया शहरको आधिकारिक वेबसाइट, प्रसारण रेडियो ( शहरमा बाहिरी तिर राखिएको स्पिकरहरू, प्रचार वाहन ) , इत्यादि द्वारा निकासी रद्दको घोषणा गरिनेछ।

5 आश्रय स्थलमा कुलर उपलब्ध हुने छैनन्। साथै, कुनै खाने वा पीउने सेवा दिइने छैन। कृपया आफैले तयारी गर्नुहोस्।

6 यदि तपाईंको छिमेकमा एक्लै बस्ने वृद्धहरू वा शारीरिक अपाङ्गता भएका व्यक्तिहरू छन् भने, कृपया एक अर्कासँग कुरा गर्नुहोस् र बाहिर निस्कन सहयोग गर्नुहोस्।

7 मौसम अलिकति खराब भए पनि गर्छौं। यधपी प्रकोप **जस्तो भारी वर्षाको कारणमा त्यो दिनमा गर्न सकेन भने**, 8 महिना 6 गते **आइतबार लाई वैकल्पिक दिनमा हुनेछौं।**

**सम्पर्क जानकारी**

सहरको बासिन्दा
क्षेत्रीय शक्ति प्रवर्द्धन कार्यालय
टेलिफोन 052-796-4523

व्यापार-व्यवसायीकर्मी
सामान्य मामिला प्रभाग
टेलिफोन 052-796-451

नागोया शहरको आधिकारिक वेबसाइट
)AI अनुवाद व्यवस्था उपलब्ध (

नागोया ओसिएते डायल
)जापानी भाषा मात्र(

**तपाईंले "नागोया शहरको आधिकारिक वेबसाइट" वा "नागोया ओसिएते डायल ) टेलिफोन** 953-7584)" मा **काम को स्थिति को जानकारी हेर्न वा बुझ्न** सक्नुहुन्छ।


＊ ＊ ＊ ＊ ＊

निकासी लक्षित क्षेत्र

ओबाता मिनामी 2 -च्योमे

ओबाता मिनामी 3 -च्योमे

ओतानी टाउन




出典：株式会社ゼンリン　この地図は株式会社ゼンリンの地図データをもとに守山区役所が作成